# सुन्तलाजात बाली बगैंचाका लागि
# वार्षिक कार्य तालिका



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
कृषि विभाग
राष्ट्रिय फलफूल विकास केन्द्र
पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना
**केन्द्रीय आयोजना व्यवस्थापन एकाइ**
कीर्तिपुर, काठमाडौं

फोन नं. : ०१-५९०५०३७
Email : cpmu.nafha@gmail.com • www.nafha.gov.np

## बैशाख

- नयाँ मुनामा सिट्रस सिला, सेतो वा कालो भिंगा र पात खन्ने लाभ्रे कीरा लाग्ने समय भएकोले फूल खेलेको समय छलेर विषादीहरू (एजाडीराक्टीन २-३ मिलि प्रतिलिटर वा डाइमेथोएट ३० इसी २ मि.लि. वा साइपरमेथ्रीन २० इसी २ मिलि प्रतिलिटर पानीका दरले पात र मुनाहरू राम्रोसंग भिज्ने गरी छर्कने।
- यस समयमा माटो धेरै सुख्खा हुन सक्ने भएकोले सानो बिरुवालाई ८-१२ दिनको अन्तरालमा सिंचाई गर्ने। ठुला विरूवालाई चिस्यानको अवस्था हेरी १०-१५ दिनको अन्तरालमा सिंचाई गर्ने।
- अघिल्लो बर्षाद् र यसपाली हिउँदमा रोपेको बिरुवालाई पर्याप्त सिंचाई दिने। सिंचाई गर्दा पानी बाहिर खेर नजाने गरी बिरूवाको वरिपरि माटोको डिल उठाउने। असारमा बिरुवा रोप्ने भएमा त्यसको लागी १ मिटर गोलाइ र १ मिटर गहिराइको खाडल खन्ने काम गर्ने। खाडल खन्दा माथिल्लो सतहको मलिलो माटो एकातिर र गहिराईको माटो अर्कोतिर राख्ने। खाडल पुर्नुअघि पातपतिङ्गर जम्मा गरी जलाई दिनाले माटोको निसंक्रमण हुनुका साथै थप पोषक तत्वहरू उपलब्ध हुन्छ।
- यस महिनामा पुस-माघमा हालेर बाँकी रहेको युरियाको मात्रा टपड्रेस गर्ने।
- फल कुहाउने औंसा कीराको प्रकोप भएको स्थानमा प्रोटिनको पासो ४ वटा प्रति रोपनी राखी नियमित अनुगमन गर्ने।
- खराने रोगको प्रकोप भएमा थायोफोनेट मिथायल वा सल्फरयुक्त विषादी २ ग्राम प्रतिलिटर पानीका दरले प्रयोग गर्ने।
- बैशाखको पहिलो हप्तातिर सुन्तलाको फल भटमासको गेडाजत्रो भई पहिलो प्राकृतिक फल झराई हुने समय भएकोले निम्न अनुसारका सुक्ष्मतत्वहरू २० लिटर पानीमा घोली बोटको सबै भागमा पर्ने गरी यहि महिनाको अन्तातिर छर्ने।

| | | | |
|---|---|---|---|
| जिंक सल्फेट | १०० ग्राम | फेरस सल्फेट | ४० ग्राम |
| कपर सल्फेट | ६० ग्राम | म्याग्निज सल्फेट | ४० ग्राम |
| म्यागनेसियम सल्फेट | ४० ग्राम | चुन | १८० ग्राम |

यिनीहरु उपलब्ध नभएमा मल्टीन्यूट्रिएन्ट जस्तै मल्टीप्लेक्स ३ देखि ५ मि.लि. वा चेलामिन ५ ग्राम प्रतिलिटर पानीका दरले मिसाएर छर्ने।

## जेष्ठ

- जेष्ठको शुरूमा सुन्तालाजात फलफूलको फल सामान्यतया गुच्चा आकारको हुन्छ। यस महिनामा थोरै मात्रामा दोस्रो पटकको प्राकृतिक झराई हुन सक्छ। फलहरू बढी नै झरेमा व्यावसायिक रूपमा उपलब्ध जिब्रेलीक एसिड १० देखि १५ मि.लि.ग्राम प्रति लिटर (१० देखि १५ पि.पि.एम.)को स्प्रे गर्नु उपयुक्त हुने।
- यस महिनाको मध्यसम्म सामान्यतया पानी कम पर्ने भई माटो सुख्खा हुने भएकोले र बैशाख महिनामा झैं नियमित रूपमा सिँचाईको व्यवस्था मिलाउने।
- जेष्ठ महिनाको अन्तिमतिर पानी पर्न थालेपछि फेद कुहिने रोग देखिन सक्ने हुँदा व्यवस्थापनको लागि बोर्डो मिश्रण (१%) बनाएर बेसिनको माटो भिज्ने गरी ड्रेंचिंग गर्न प्रभावकारी हुने। साथै पानी जम्न नदिन निकासको व्यवस्था मिलाउने। जैविक ढुसिनाशक विषादी ट्राईकोडर्मा १० ग्राम प्रति लिटर पानीका दरले मिसाएर बनाएको घोल जरा भिज्ने गरी माटोमा हाल्ने। साथै सम्भव भएसम्म ट्राइकोडर्मा प्रयोग गरेको अवस्थामा अन्य ढुसीनाशक विषादी प्रयोग नगर्ने।
- कलिलो बिरुवाहरूमा जरा कुहिएको पाईएमा सहायक जरा दिन तिनपातेको बिरूवा बोट छेउमा रोप्ने।
- क्षति ग्रस्त वा रोग कीरा लागेर सुकेका हाँगाहरू हटाउने। नर्सरीमा पालुवालाई पात खन्ने लाभ्रे, लाही, पात खाने लाभ्रे,

सुलसुले आदि देखा पर्यो भने निमजन्य विषादी २-३ मि.लि वा डाइमेथोएट ३० इसी २ मि.लि. वा स्पाइनोस्याड ०.०३ मि.लि. प्रति लिटर पानीमा मिसाएर स्प्रे गर्ने।

- बैशाख महिनामा छुटेको भए पानी पर्ने समयमा सिफारिस गरीएको युरीयाको आधा भाग कुलेसोमा राखी सिंचाइ गर्ने।
- पानी जम्न नदिनका लागि बगैंचामा निकासको उपयुक्त व्यवस्था गर्ने।
- फल कुहाउने औंसा अनुगमन कार्य जारी राख्ने र सबै किसानहरू मिलेर एकीकृत क्षेत्रगत कीरा नियन्त्रण विधिबाट प्रोटिन बेट (प्रोटिन हाइड्रोलाइसेट र बिषादी) स्प्रे शुरू गर्ने। प्रोटिन बेट स्प्रे गर्दा फल लाग्ने प्रत्येक तिन बोट मध्ये एकमा १७ मिलिलिटर तयार झोल (एक भाग प्रोटीन बेट दुई भाग पानी) पातको तल्लो भागमा प्रत्येक हप्तामा एक पटक स्प्रे गर्ने।
- नर्सरीमा कलमी गरेको सफल विरूवाको बन्धनको प्लास्टिक काटेर हटाउने।
- हिउँदमा कलमी गर्न तयार रूटस्टकलाई अर्को नर्सरी ब्याडमा सार्ने।
- यस समयमा नर्सरीमा तथा कागती बगैंचामा कोत्रे (क्यांकर) रोग देखिन सक्ने हुँदा त्यसको व्यवस्थापनको लागि १% को बोर्डो मिश्रण वा कपर अक्सिक्लोराईड ३ ग्राम प्रतिलिटर पानीका दरले बर्षा सुरुवात हुनु अघि नै स्प्रे गर्ने।

## आषाढ

- सुन्तलाको फल गुच्चा आकार भन्दा केहि ठूलो आकारको हुन्छ। जेष्ठ महिनामा सुक्ष्म खाध्य तत्व स्प्रे नगरेको भए यसै महिनामा छर्कने।
- फल नफलेको बोटमा मध्य असार देखि बर्षे पालुवा आउने समय भएकोले यो समयमा खराने रोगले सुन्तला जुनारलाई सताउन सक्दछ। तसर्थ बैशाख महिनामा झैँ प्रकोप हेरी १-२ पटक १५ दिनको फरकमा थायोफोनेट मिथायल २ ग्राम वा सल्फर २ ग्राम प्रतिलिटरका दरले छर्कने।
- बर्षाद सुरू भएर पानी धेरै पर्न थाल्ने हुँदा बगैँचामा पानी निकासको प्रबन्ध गर्ने।
- ठूला बोटको फेद कुहिने रोग निरीक्षण गरी बोर्डो पेष्ट पुनः लगाउने, रोग लागेको भए चक्कुले रोग लागेको भागलाई खुर्केर सफा गरी बोर्डो पेष्ट लगाउने।
- जरा वा फेद कुहिने रोग नियन्त्रणको लागि तीनपाते सुन्तलाको प्रयोग गरी नेचुगी (एप्रोच ग्राफ्टिङ) गर्ने।
- यो महिनामा सुलसुले, पात खन्ने लाभ्रे, लाही, पात खाने लाभ्रे, फल कोत्रने लाभ्रेहरू र बसन्ते पालुवाको कलिलो हाँगालाई आक्रमण गर्ने डाँठको गवारो पतेरोहरू पनि देखिने भएकोले निरन्तर अनगुमन गरी आवश्यक परेमा (निमजन्य विषादी २-३ मि. लि प्रति लिटर पानीमा मिसाएर वा स्पाइनोस्याड ०.३ मि.लि. वा रोगर २ मि.लि. वा मालाथियन २ मि लि प्रति लिटर पानीमा मिसाएर स्प्रे गर्ने।
- असारको शुरूमा रोपेको बिरूवाहरूलाई आवश्यक परेमा सिंचाई गरी छापो दिने।
- नयाँ बगैंचा स्थापना गर्दा प्लान्टिङ बोर्डको सहायताले खाडलको बिचमा पर्ने गरी बिरुवाको नर्सरीमा माटो मुनि भएको भागसम्म मात्र पुरिने गरी रोप्ने। भर्खर पुरेको खाल्डोमा कलमी गरीएको भाग भविष्यमा जमिनको सतहभन्दा माथी पर्ने गरी रोप्ने। साथै जोडेको भागभन्दा तल आएको सबै हाँगालाई हप्ता हप्तामा निरीक्षण गरी हटाउने र काटेको ठाउँमा बोर्डो पेष्ट लगाउने। बिरुवा रोपी सकेपछी छेउमा एउटा किला गाडेर खुकुलो हुने गरी सुतरी वा पातलो कपाडाको डोरीले बाँधेर टेको दिने।
- सानो बिरुवा तथा वयस्क बिरूवामा झार पात पटक पटक उखेलेर हटाउने। बिरुवामा साना दानाहरू देखा परेमा टिपी दिने, ठूलो बोटको छाँटेको हाँगाबाट वा काटेको हाँगाको भागबाट निस्केको चोर हाँगा मध्य नचाहिने हाँगालाई चुँडाई दिने।

- वयस्क बोटको नयाँ पालुवा बोट बढाउनलाई चाहिने हुँदा त्यस्ता हाँगा राखी अरू चोर हाँगाहरू हटाई दिने ।
- यो महिनामा देखिने कत्ले तथा लाही कीराहरू नियन्त्रण गर्न खनिज तेल १० मि.लि प्रतिलिटर पानीमा मिसाई छर्ने ।
- हरियो पतेरो कीराले फल झार्ने हुँदा यसका फूल, बच्चा तथा वयस्क कीरा देखा परेमा टिपेर मार्ने ।
- सुन्तलामा पहिलो चरणको फल छाँट्ने, छाँटि सकेको सुन्तलालाई पुनः निरीक्षण गर्ने र सम्भव भएसम्म १००-२०० पात बराबर एक फल हुने गरी फल छनौट गर्ने ।
- औंसा कीरा नियन्त्रणको विषादी (प्रोटिन हाईड्रोलाईसेट + एबामेक्टिन ०.१ प्रतिशत मा २ भाग पानी मिसाई पातको तल्लो पट्टी) ७-७ दिनको अन्तरालमा स्प्रे गर्ने ।

## श्रावण

- यस महिनाको सुरूमा सानो बिरूवा र वयस्क बिरुवालाई तालिका नं. १ मा उल्लेख भए बमोजिम नाईट्रोजन युक्त मलखाद (युरीया, डिएपी) टप- ड्रेसिंग गर्ने । सिफारिस मात्राको आधा नाइट्रोजन, फस्फोरस तथा पोटासको सम्पूर्ण मात्रा पालुवा आएपछि वा फूल फुल्न भन्दा १५ दिन अगाडि र युरियाको बाँकी आधा मात्रा फल लागिसके पछि मात्र प्रयोग गर्नुपर्छ ।
- वर्षाको नयाँ पालुवा बढिरहेको अवस्थामा खराने रोग देखिन सक्ने हुँदा थायोफोनेट मिथायल १ देखि २ ग्राम प्रति लिटर वा सल्फर २ ग्राम प्रतिलिटरका दरले प्रयोग गर्ने ।
- सुन्तलाको फल टेबल टेनिस बल जत्रो आकारको हुने बेला भएकोले बोटमा धेरै फल लागेको अवस्थामा दोस्रो छँटाई गर्ने । गुणस्तरीय फल उत्पादनका लागि सुन्तलामा १००-११० पात बराबर एक दाना फल राख्ने मापदण्ड अनुसार व्यवस्थापन गर्ने ।
- कत्ले कीरा, पतेरो तथा नयाँ पालुवामा लाग्ने लाही, पात खन्ने लाभ्रे, सुलसुले, पात खाने लार्भाको प्रकोप धेरै हुने अवस्था भएकोले (निमजन्य विषादी २-३ मि. लि प्रति लिटर पानीमा मिसाएर वा डेल्टामेथ्रिन २८%ई.सी विषादी २ मि.ली प्रतलिटर पानीमा मिसाई छर्ने वा रोगर ०.०३ प्रतिशत वा मालाथियन २ मि लि प्रति लिटर पानीमा मिसाएर) विषादी प्रयोग गरी नियन्त्रण गर्ने ।
- उच्च आद्रताले फेद कुहिने रोग लाग्ने सम्भावना भएकोले फेद वरिपरि सरसफाई गरेर बोर्डोपेष्ट लगाउने, पानी निकासा दिने, घाँस काट्ने र चोर हाँगाहरू हटाउने ।
- औंसा कीरा नियन्त्रणको लागी व्यवस्थापनको कार्यलाई निरन्तरता दिने ।
- सुन्तलाको फल झर्ने समस्या जारी भए एन.ए.ए. (NAA) हर्मोन ८-१५ पिपिएम, २५ ग्राम युरिया र वेभिस्टिन विषादी १.५ ग्राम मिसाई बोटमा स्प्रे गर्ने ।
- यो महिनामा कागती र जुनारको विरुवा उत्पादन गर्ने भए कलमी प्रविधिबाट गर्ने र कलमी गरेका बोटलाई जाली घर वा प्लास्टिकको ग्रिन हाउसमा राखेर उचित स्याहार गर्ने ।

## भाद्र

- बर्षात सकिन लागेकोले यस महिनाको अन्तिमतिर फलको बोक्रा डढेको जस्तो बनाउने रष्ट माईट नामको सुलसुलेहरू देखा पर्न सक्ने हुँदा निरन्तर अनुगमन गर्ने र आवश्यक परेमा सुलसुलेनाशक विषादी जस्तै प्रोपाजाईट ३७ इसी २ मि.लि. प्रतिलिटरका दरले छरेर नियन्त्रण गर्ने ।
- बोर्डो पेष्ट पखालिएको अवस्था भएमा बोटको फेदमा पुनः लगाउने ।

- पतेरो कीरा व्यवस्थापन गर्न बिहान र बेलुकीको समयमा बयस्क र बच्चाहरूलाई समाई मार्ने । साथै पतेरोले आक्रमण गरेको बोटमा बिहानी पख पारेर खरानी छर्कने । कत्ले कीरालाई नियन्त्रण गर्न १० मिलि लिटर खनिज तेल प्रतिलिटर पानीमा मिसाई छर्कने ।
- सुन्तलाको फल करीब ६०% जति वृद्धि भएको हुन्छ। सुन्तलामा बढी फलेको भए अन्तिम चरणको फल छाट्ने । विशेष गरी सुन्तलाको हाँगा भाच्चिने बढि सम्भावना हुने हुँदा बाँस तथा रूखको हाँगाहरूले टेका दिने ।
- तीनपाते रूटस्टकको फल पाक्न थालेमा फलबाट बीउ झिकेर बीउ रोप्ने महिना पनि भएकोले जग्गा तयारी गरी अन्तिम तिर रोप्ने व्यवस्था मिलाउने ।

## आश्विन

- नयाँ पालुवाहरूमा सिल्ला र पात खन्ने कीराको प्रकोप देखिन सक्ने भएकोले नियमित अवलोकन गर्ने र आवश्यक परेमा खनिज तेल सर्वो वा एट्सो वा किन्नर गोल्ड १० मि.लि. प्रतिलिटर वा डाईमेथोयट ३०% ईसी २ मि.लि. प्रति लिटर पानीमा मिसाई छर्कने ।
- यस महिनाको अन्तिमतिर अगौटे तथा स्थानीय जुनार फलको वृद्धि करिब करिब समाप्त हुने र रंग चढ्न शुरू भई हल्का हरियोबाट हल्का पहेँलोमा परिणत हुन्छ ।
- स्थानीय सुन्तलाको फल वृद्धि हुने सबभन्दा सक्रिय समय भई गाढा हरियो रङ्गबाट हल्का हरियो रङ्गमा परिवर्तन हुन्छ । अगौटे जातको सुन्तला टिप्ने बेला भएकोले फल टिप्दा सकभर बेलुकी पख टिप्ने र टिप्दा फलको भेट्नु नचुडीने गरी फल टिप्ने कैंचीले टिप्ने । टिपेको फललाई शितलो ठाँउमा राख्ने ।
- धेरै फल फलेका हाँगाहरूलाई टेकाहरू दिने ।
- नफलेको बोट तथा वयस्क बोटमा हेमन्त पालुवा बढे पनि पात मात्र ठुलो भई पहेँलिएर हाँगा पनि त्यति स्वस्थ नुहुँदा काम नलाग्ने भएकोले त्यस्ता हाँगा हटाउने ।
- यो महिना सबैभन्दा धेरै पतेरो लाग्न सक्ने समय भएकोले कीरा समाउने जाली प्रयोग गरी समातेर मार्ने ।
- आश्विनको दोश्रो - तेश्रो हप्तादेखि सामान्यतया बर्षाद पनि रोकिने हुँदा माटो सुख्खा हुन जाने भएकोले विशेष गरी सानो र वयस्क बोटको लागि समेत वनमारा लगायत घाँसपातले छापोको व्यवस्था गर्ने ।
- फल कुहाउने औंसाले झारेका फलहरू हरेक दिन टिप्ने र पारदर्शी प्लास्टिकमा हाली मुख टम्म बाँधी घाम लाग्ने स्थानमा राखिदिने वा गहिरो खाल्डो खनि पुरी दिने ।
- सिट्रेन्जको फल टिपी बीउ निकालेर नर्सरी ब्याडमा बीउ रोप्ने ।

## कार्तिक

- तल्लो भेगको बगैंचामा महिनाको अन्तिमसम्म सुन्तलाको फल बढ्दै ५०% रङ्ग चढेको हुन्छ। अगौटे सुन्तला ८००-१२०० मिटर सम्मको बगैंचामा पूर्ण पाकिसकेको (६०% भन्दा माथि रङ चढेको) हुँदा टिपिसक्नु पर्छ ।
- दोश्रो - तेश्रो हप्तासम्म सुलसुले देखा परे एक पटक सुलसुलेनाशक विषादी जस्तै प्रोपाजाईट ३७ इसी २ मिलि प्रतिलिटर पानीका दरले छरेर नियन्त्रण गर्ने ।
- १००० मिटर आसपासका उचाईमा बगैंचाका फल टिप्ने बेला भएकोले महिनाको अन्तिमतिर भण्डार घरहरूको सरसफाई गर्ने ।

- फलेका बोटहरूमा छापोको व्यवस्था नगरेको भए चाडै नै छापोको व्यवस्था गरी दिने ।
- महिनाको शुरूमा नै सुन्तला टिप्न र राख्न आवश्यक सामाग्रीहरू जुटाउने ।
- फल कुहाउने औँसाले झरेका फल बगैंचाबाट टिपी व्यवस्थापन गर्ने ।
- मूलवृत्तको लागि सिट्रेन्जको फल टिपी बीउ निकालेर नर्सरी ब्याडमा बीउ हाल्ने ।
- मूलवृत्तको लागि रंगपुर लाइमको फल टिपी बीउ निकालेर नर्सरी ब्याडमा बीउ हाल्ने ।

## मंसिर

- सुन्तला र जुनारको तयार भएको फललाई होसियारी साथ फल टिप्ने कैंचीको प्रयोग गरी टिप्ने । फल टिप्दा सकभर बेलुकी पख टिप्ने र टिप्दा फलको भेट्नु नचुडीने गरी टिप्ने । टिपेको फललाई शितलो ठाँउमा राख्ने ।
- विशेष गरी भण्डारण गर्ने फलको लागि मंसिर महिनाको मध्य देखि अन्तिमसम्ममा ५०% बढी रंग चढेका पहेंलो फलहरूलाई मात्र टिप्ने ।
- टिपेपछि फल ग्रेडिंग गर्ने र सफा पानीमा २-४% क्याल्सियम क्लोराइडको घोलमा २-५ मिनेट डुबाई फल टिपेको २४ घण्टा भित्र ८५% आद्रता र ८-१२°C तापक्रम बनाएको शीत वा सेलार घर भण्डारणमा राख्ने ।
- हिउंदमा कलमी गर्नको लागी ब्याड र अन्य सामग्रीको तयारी गर्ने र अन्तिम सातासम्म कलमी शुरू गर्ने ।

## पौष

- मध्य मौसामी सुन्तला जुनारको फलहरू टिप्ने अन्तिम समय भएकोले टिपाई सम्पन्न गर्ने । खासगरी सुन्तलाको फल बढी परिपक्व हुँदा बोक्रा खोक्रो हुने, अमिलोपन हराउने र स्वाद बिग्रने हुनाले लामो समयसम्म बोटमा नराख्ने ।
- फल टिपी सकेका सुन्तला, कागती र जुनारका बोटहरूमा काँटछाँट शुरू गर्ने । काटछाँट गर्दा रोग वा कीराहरूबाट क्षति भएर सुकेका वा मर्न लागेका, सुकेका तथा एक आपसमा जेलिएका र भित्रतर्फ फैलिएका र चोर हाँगाहरू हटाउनु पर्दछ । चोरहाँगाहरू हलक्क बढेर माथि पुगेका, सामान्यतया गोलो नभएर तिनकुने आकारको काण्ड भएका र लामो लामो काँडा भएका देखिन्छन् ।
- काँटछाँट गर्दा बनेका घाउहरूमा बोर्डो पेष्ट लगाउने र वोर्डो मिश्रण स्प्रे गर्ने ।
- सुन्तला, जुनार र कागतीको नर्सरी धनीहरूले यो महिना भरी कलमी गर्ने ।
- पुष महिनाको अन्तिमतिर बोटको फेदको वरीपरी फैलावटको क्षेत्र भित्र पर्ने गरी बेसिन बनाउने र बेसिनको वरिपरि कुलेसो खनी तल तालिकामा उल्लेख गरेको परिमाणको कम्पोस्ट र माटो मिसाउँदै पुर्ने । सिफारीस गरीए बमोजिमको रासायनिक मल मध्ये युरीयाको आधा भाग बाँकी राखेर बाँकी सबै रासायनिक मल पनि मिसाएर राख्ने । मलखाद दिइसकेपछि सिंचाई गरेर छापोको व्यवस्था गर्ने ।
- सिंचाइ सुविधा भएको स्थानमा नयाँ बगैंचा स्थापना गर्ने भएमा खाडलको तयारी गर्ने ।

## माघ

- पुसमा सम्पन्न नभएको भएमा बोटहरूको काँटछाँट गरी मलखाद, सिँचाई तथा छापोको व्यवस्था मिलाउने ।
- काँटछाँट गरीएका बोटहरूमा बोर्डो मिश्रण छर्ने र हरेक बोटको फेदमा बोर्डो पेष्ट लगाउने कार्य गर्ने ।

- कत्ले कीरा, लाही कीरा र मिलिबग लगायतका कीराहरू नियन्त्रणको लागि खनिज तेल १० मि.लि. प्रतिलिटर पानीका दरले मिसाएर छर्ने ।
- बगैचामा रातो कमिला वा धमिराको समस्या भएमा हरेक बोटको बेसिनमा २० ग्राम निमाजिन माटोमा मिलाउने ।
- सुन्तलाको बोटमा लहरा तथा ऐजेरु भएमा हटाउने । ऐजेरु हटाउँदा यसको बिरुवामा जोडीएको भाग समेत राम्रोसँग खुर्केर हटाउने ।
- नयाँ बगैंचा स्थापना गर्ने भएमा सिंचाई सुविधा भएको स्थानमा पोली ब्यागमा भएका बिरुवाहरू वसन्त पालुवा भन्दा अघि सार्ने । बिरुवा सार्दा गोजुल्टिएका र धेरै लामा जरा छाँटेर जरा नखुम्चिने गरी रोप्ने ।
- जिङ्क लगायतका सूक्ष्म तत्वको कमी देखिएमा सूक्ष्म तत्वयुक्त पोषक तत्व जस्तै मल्टिप्लेक्स ३ मि.लि. प्रति लिटर वा चेलामीन ३ ग्राम प्रतिलिटरका दरले स्प्रे गर्ने ।
- भण्डारण गरेको फल बेला बेलामा निरीक्षण गरेर बजारमा बिक्री गर्ने ।
- नर्सरी धनीहरूले यो महिनाको दोस्रो हप्ता सम्म मध्य पहाडमा कलमी सम्पन्न गर्ने ।

**तालिका नं. १ :** सुन्तलाजात बालीमा मलखाद प्रयोग गर्ने मात्राः

| बोटको उमेर बर्ष | गोठेमल (किलो) प्रति बोट | सुन्तला / जुनार | | | कागती | | |
|---|---|---|---|---|---|---|---|
| | | यूरिया (ग्राम) | डिएपी (ग्राम) | एमओपी (ग्राम) | यूरिया (ग्राम) | डिएपी (ग्राम) | एमओपी (ग्राम) |
| १ | १० | ८८ | ५२ | ५८ | ८४ | ६३ | ८३ |
| २ | २० | १७७ | १०४ | ११७ | १६८ | १२५ | १६७ |
| ३ | ३० | २६५ | १५६ | १७५ | २५३ | १८८ | २५० |
| ४ | ४० | ३५३ | २०८ | २३३ | ३३७ | २५० | ३३३ |
| ५ | ५० | ४४२ | २६० | २९२ | ४२१ | ३१३ | ४१७ |
| ६ | ६० | ५३० | ३१३ | ३५० | ५०५ | ३७५ | ५०० |
| ७ | ७० | ६१८ | ३६५ | ४०८ | ५९० | ४३८ | ५८३ |
| ८ | ८० | ७०७ | ४१७ | ४६७ | ६७४ | ५०० | ६६७ |
| ९ | ९० | ७९५ | ४६९ | ५२५ | ७५८ | ५६३ | ७५० |
| १० र माथी | १०० | ८८३ | ५२१ | ५८३ | ८४२ | ६२५ | ८३३ |

## फाल्गुण

- कत्ले कीरा नियन्त्रण गर्न खनिज तेल (सर्वो, एट्सो वा किन्नरगोल्ड) १० मि.लि. वा डाईमेथोयट ३० % ईसी २ मि.लि. प्रतिलिटर पानीमा मिसाई स्प्रे गर्ने ।
- माघको अन्तिमदेखि फाल्गुणको पहिलो - दोश्रो हप्ता सम्ममा तापक्रम बढ्दै फूल कोपिला आउन शुरू भएर महिनाको अन्तिमतिर नयाँ बसन्ते पालुवा बढेर फूल फुल्न सुरु हुने हुँदा रासायनिक बिषादी प्रयोग नगर्ने
- तापक्रम बढ्दै जाने भएकोले भण्डारण गरेको फल कुहिने सम्भावना बढी हुने हुँदा बजार व्यवस्था गर्ने ।
- सिँचाई दिएर छापो हाल्ने र फूलमा आउने कीरा (Citrus flower chafer) लाई सुरक्षित विषादी (निमजन्य - एजाडीराक्टीन १५०० पीमीएम २ देखि ३ मि.लि. प्रतिलिटर पानीमा मिसाई वा घरेलु विषादी) प्रयोग गरि व्यवस्थापन गर्ने ।

## चैत्र

- सुकेका मरेका बोटहरूलाई पूर्ण रूपले जरै देखि खनेर हटाउने ।
- सुन्तलामा फूल फुल्ने समय भएर बिरूवाले पानी सोस्ने मात्रा बढी हुन्छ । हप्तादिन विराएर सिंचाई दिने ।
- फूल धेरै फुलेको सानो बिरुवा वा वयस्क बिरूवाको फूललाई छाँटि दिने ।
- यस समयमा विशेष गरी हिउँदमा रोपेको तथा सानो बिरुवालाई प्रशस्त सिँचाई दिने ।
- माटोमा चिस्यान कायम गर्न बोटको फेद वरीपरी छापो दिने । यसले झारपात व्यवस्थापन र पोषक तत्व संरक्षणमा समेत सहयोग गर्दछ ।

